
# अवसर



## क्रियाकलाप संचालन निर्देशिका

awasar
WE ARE THE FUTURE

Good Neighbors International




सुन्दर फूल धरतीका, फक्रिएर फूल्न पाऊँ
अधिकार सुनिश्चित भई, निर्धक्कले खुल्न पाऊँ ।

# बाल संरक्षण आचारसंहिता

बालबालिका भन्नाले १८ वर्ष वा सोभन्दा कम उमेरका व्यक्तिहरू भनी बुझ्नु पर्दछ र यो आचारसंहिता, यो परियोजनासँग कुनै पनि प्रकारले सम्बन्धित हुन आउने सम्पूर्णमा लागू हुनेछ ।

१. उमेर, जाति, लिङ्ग, रङ्ग, भाषा, धर्म, विचार, जन्मस्थान आदिलाई आधार नमानी सबै बालबालिकाहरूसँग समान व्यवहार गर्नु पर्दछ ।

२. सबै बालबालिका र किशोरकिशोरीलाई सुरक्षित तथा अनुकूल वातावरणको व्यवस्था गर्नु पर्दछ ।

३. बालबालिकाहरूको मञ्जुरी लिएर मात्रै फोटो वा भिडियो खिच्नु पर्दछ ।

४. बालबालिकाहरूलाई कुनै प्रकारको शारिरीक वा मानसिक दण्ड वा सजायँ दिनु हुँदैन ।

५. बालबालिकाहरूसँग कुराकानी गर्दा अपमानजनक, सांस्कृतिक हिसाबले अनुपयुक्त तथा यौन उत्तेजनात्मक भाषा प्रयोग गर्नु हुँदैन ।

६. बालबालिकाहरूको शरीरको कुनै पनि संवेदनशील अङ्गमा छुनु वा चुम्बन गर्नु हुँदैन ।

७. धुम्रपान, मद्यपान, मादक पदार्थ सेवन जस्ता हानिकारक कार्यहरूमा बालबालिका तथा किशोरकिशोरीहरूलाई सामेल गराउनु हुँदैन ।

८. बालसंरक्षण सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको पालना गर्नु पर्दछ ।

९. बालबालिकाहरूलाई सबै प्रकारका जोखिमपूर्ण अवस्थाहरू तथा यौनजन्य क्रियाकलापहरूबाट टाढै राख्नु पर्दछ ।

१०. बालदुर्व्यवहार भएमा तत्काल सम्बन्धित निकायलाई जानकारी गराउनु पर्दछ । अथवा नेपाल प्रहरी- १०४, बालहेल्प लाइन - १०९८ वा गुड नेवर्स इन्टरनेशनल नेपालको टोल फ्रि नम्बर १६६००१९२०२१ मा पनि जानकारी गराउन सकिन्छ ।

# १. गुड नेवर्स इन्टरनेशनल नेपालको संक्षिप्त परिचय

गुड नेवर्स इन्टरनेशनल नेपालले सन् २००२ देखि समाज कल्याण परिषद्को सम्झौता अनुरुप शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई तथा स्वच्छता, आयआर्जन, बाल संरक्षण, पैरवी र विपद् व्यवस्थापन आदि क्षेत्रमा नेपालका विभिन्न २० वटा जिल्लाहरूमा साझेदार संस्थाहरूमार्फत आफ्ना क्रियाकलापहरू संचालन गर्दै आइरहेको छ ।

हाल यो संस्थाले शिक्षामा बालबालिकाहरूको पहुँच र सहभागिता वृद्धि गर्ने, शिक्षाको गुणस्तर बढाउने, बालबालिकाहरूको सहभागिता तथा क्षमता प्रदर्शनको अधिकारलाई सुनिश्चित गर्नको लागि अतिरिक्त क्रियाकलाप संचालन तथा विद्यालय व्यवस्थापन प्रणाली सुदृढ गर्ने जस्ता उद्देश्यका साथ लक्षित समुदाय र विद्यालयमा शिक्षा सम्बन्धी कार्यक्रमहरू संचालन गर्दै आइरहेको छ ।

त्यस्तै जीविकोपार्जन संवर्द्धन कार्यक्रम अन्तर्गत समुदायमा आधारित संस्थाहरूद्वारा पहुँच नभएका व्यक्तिहरूको आर्थिक र सामाजिक विकासको उद्देश्य लिएर लक्षित समुदायमा संस्थागत विकास कार्यक्रम, लघुउद्यम विकास कार्यक्रम र जीविकोपार्जन सहयोग कार्यक्रम संचालन गर्दै आइरहेको छ ।

स्वास्थ्य, खानेपानी, सरसफाई र स्वच्छता कार्यक्रम अन्तर्गत लक्षित समुदायको व्यक्तिहरूको स्वास्थ्यसँग सम्बन्धित व्यवहार तथा सफा खानेपानी, सरसफाई र स्वच्छतासँग सम्बन्धी अभ्यासलाई अघि बढाउनुका साथै स्थानीय स्वास्थ्य प्रणाली सुदृढीकरण गर्ने उद्देश्य लिएर विभिन्न कार्य गर्दै आइरहेको छ ।

बालबालिकालाई सबै प्रकारको हिंसा र दुर्व्यवहारबाट सुरक्षित राख्न स्थानीयस्तरमा बाल संरक्षण प्रणाली सुदुढ गर्ने तथा आफ्नो अधिकार दाबी गर्न सक्षम तथा जागरुक गराउने जस्ता उद्देश्यका साथ स्पोन्सरसीप सर्भिस तथा बाल संरक्षण कार्यक्रम संचालन गर्दै आइरहेको छ ।

सन् २०१९ मे महिनासम्म कार्यक्रम लागू भएका ४४७ विद्यालयका २१,७५९ बालबालिकाहरूले गुड नेवर्स इन्टरनेशनल नेपालको स्पोन्सरसीप सर्भिस कार्यक्रम मार्फत प्रत्यक्ष रूपमा सेवा पाइरहेका छन् ।

# २. परियोजनाको परिचय

शिक्षाका मुलभूत लक्ष्य भनेको बालबालिकाहरूको सर्वाङ्गिण विकास गर्नु हो ।

सर्वाङ्गिण विकास भन्नाले बौद्धिक, शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक र नैतिक पक्षहरूको विकासलाई जनाउँदछ । प्रत्येक बालबालिकाहरूमा यी पक्षहरूको समुचित विकास गर्नका लागि पाठ्यक्रम, पाठ्यपुस्तक, कक्षा क्रियाकलाप र अतिरिक्त क्रियाकलापहरू बीच सन्तुलन हुन आवश्यक हुन्छ । कक्षाकोठाको चार भित्ताहरू बीच सीमित शिक्षण-सिकाइ क्रियाकलापहरूले मात्र बालबालिकाहरूका विकासात्मक आवश्यकताहरूलाई पूरा गर्न सक्दैनन् । बालबालिकाहरूलाई पाठ्यक्रम र पाठ्यपुस्तकले निर्दिष्ट गरेका सिकाइ क्रियाकलापहरूका अलावा अन्य अवसरहरू प्रदान गर्न नितान्त जरूरी छ । त्यसैले, अतिरिक्त क्रियाकलापहरूको आवश्यकता र महत्वलाई मनन् गर्दै बालबालिकाहरूमा अन्तर्निहित प्रतिभााहरू प्रस्फुटन होस् भन्ने हेतुले विद्यालयदेखि राष्ट्रियस्तरमा अतिरिक्त क्रियाकलपाहरू आयोजना गर्ने उद्देश्यका साथ यो परियोजना परिकल्पना गरिएको हो ।

विविध प्रकारका अतिरिक्त क्रियाकलापहरूको माध्यमबाट बालबालिकाहरूमा नेतृत्व विकास, सृजनशिलता, समालोचनात्मक सीप, प्रभावकारी अभिव्यक्ति कला, शारीरिक तन्दुरुस्ती तथा सुगठनमा टेवा पुऱ्याउने लक्ष्य यो परियोजनाले लिएको छ । साथै, बालअधिकार सम्बन्धि अन्तर्राष्ट्रिय महासन्धि १९८९ मा निहित बालविकास, बालसहभागिता, बालबचाउ, बालसंरक्षण सम्बन्धी धाराहरूलाई हृर्दयङ्गम गर्दै अतिरिक्त क्रियाकलापहरूको छनौट गरिएको छ ।

समग्रमा, यस परियोजना अन्तर्गत १३ वटा क्रियाकलापहरू समेटिएका छन् । (१२ वटा विद्यालयस्तरीय, ११ वटा पालिका स्तरीय तथा ५ वटा राष्ट्रियस्तरका क्रियाकलापहरू) र यी क्रियाकलापहरू गुड नेवर्स इन्टरनेशनल नेपालको कार्यक्षेत्र रहेका १३ जिल्लाका ४४७ विद्यालयहरूमा आयोजना गरिनेछ । साथै यी कार्यक्रमहरू स्थानिय पालिकाहरूको समन्वयमा कार्यक्रम लागू नभएका अन्य विद्यालयहरूमा समेत संचालन गरिनेछ । विद्यालयस्तरका कार्यक्रमहरू संचालनका लागि निर्देशिका सम्बन्धित विद्यालयहरूलाई उपलब्ध गराइनेछ र विद्यालयहरू आफैले यी कार्यक्रमहरू संचालन गर्नेछन् । विद्यालय स्तरमा संचालन भएका कार्यक्रमहरूमध्ये बाट पालिका स्तरीय प्रतियोगितात्मक कार्यक्रमहरू संचालन गरिनेछ । यसै गरी परियोजना अर्न्तगत समाजमा विद्यमान सामाजिक विकृतिको निवारणको लागि स्थानीय, प्रदेश तथा केन्द्र सरकार, नागरिक समाज, शिक्षक, विद्यार्थी तथा अन्य सरोकारवालाहरूको सहकार्य र समन्वयमा समुदायस्तरदेखि राष्ट्रियस्तरसम्म उक्त मुद्दाहरूको बारेमा बहस पैरवी गर्न पालिकास्तरिय बालकचहरी समेत आयोजना गरिनेछ ।

## ३. परियोजनाको उद्देश्य

- बालबालिकाहरूको अन्तर्निहित प्रतिभाको प्रष्फुटनका लागि उनीहरूलाई अतिरिक्त शैक्षिक क्रियाकलापहरूमा सहभागी हुने अवसर प्रदान गर्नु ।
- समाजमा रहेका विकृति तथा विसङ्गितको निवारणको लागि बहस तथा पैरवी गर्नु ।

## ४. अतिरिक्त क्रियाकलापका विभिन्न तहहरू

### क) विद्यालयस्तरीय (अन्तर सदनात्मक) अतिरिक्त शैक्षिक क्रियाकलापहरू

यो परियोजना मुख्य गरी गुड नेवर्स इन्टरनेशनल नेपालसँग कार्यगत सम्बन्ध भएका विद्यालयहरूमा लागू हुने छ । स्थानीय गाउँपालिका तथा नगरपालिकाको समन्वय तथा सहकार्यमा गुड नेवर्स इन्टरनेशनल नेपालसँग कार्यगत सम्बन्ध नभएका विद्यालयहरूमा समेत यो परियोजना लागू गर्न सकिनेछ ।

यो परियोजना लागू भएका विद्यालयहरूले माथि उल्लेख गरिएका क्रियाकलापहरू आफ्नो विद्यालयको वार्षिक कार्य तालिका भित्र समावेश गरी नियमित रुपमा आफै सञ्चालन गर्ने छन् । यस्ता क्रियाकलापहरू सञ्चालनार्थ गुड नेवर्स इन्टरनेशनल नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा जिल्ला स्थित परियोजना सञ्चालन गरिरहेका साझेदार संस्थाहरूले विद्यालयहरूलाई आवश्यक सहजीकरण गर्ने छन् । विजेता सहभागीहरूको लागि चाहिने आवश्यक सामाग्रीहरू, प्रमाण पत्र तथा पुरस्कारहरूको व्यवस्थापन विद्यालयहरू स्वयम्ले गर्ने छन् ।

विद्यार्थीहरूको अर्थपूर्ण, समावेशी तथा समतामूलक सहभागिता सुनिश्चित गर्नु प्रत्येक विद्यालयको जिम्मेवरी हुनेछ । समावेशी सिद्धान्त, बालमैत्री वातावरणका साथै लैङ्गिक संवेदनशीलता प्रति ध्यान दिँदै प्रत्येक बालबालिकाहरूमा रहेको प्रतिभा प्रस्फुटन तथा प्रवर्धन गर्नुपर्नेछ ।

सम्बन्धित विद्यालयस्तरीय बालक्लबले, विद्यालय व्यवस्थापन समिति, शिक्षक-अभिभावक संघ, स्थानीय सरकार र शिक्षकशिक्षिकाहरूको सल्लाह, सुझाव, सहयोग र रोहवर र यस निर्देशिकामा आधारित रही सम्पूर्ण क्रियाकलापहरू संचालन गर्नेछ । छात्रछात्रा बीच जिम्मेवारी बाँडफाँड र परिचालन समान रूपले गरिनेछ । क्रियाकलापहरूमा सम्भव भएसम्म अभिभावकहरूलाई सहभागी गराउनु पर्नेछ ।

तोकिएका क्रियाकलापहरूका विजेताहरूलाई पालिका स्तरीय प्रतियोगिताका लागि विद्यालयहरूले छनौट गर्नेछन् ।

**ख) पालिका स्तरीय (अन्तरविद्यालय) अतिरिक्त शैक्षिक क्रियाकलापहरू**

पालिका स्तरीय प्रतिस्पर्धात्मक अतिरिक्त शैक्षिक क्रियाकलापहरूको आयोजना तथा व्यवस्थापन सम्बन्धित पालिकाले नै गर्नेछ । सम्पूर्ण विद्यालयहरूको सहभागिता गराउन पालिकाले सम्बन्धित विद्यालयहरूलाई उत्प्रेरित गर्नेछ । प्रतियोगिता आयोजना स्थल सकेसम्म प्रतियोगी विद्यार्थीहरू एक दिनमा आवतजावत गर्ने गरी पालिकाले सहभागी विद्यालयहरूलाई पायक पर्ने गरी निर्धारण गर्नेछ । उक्त प्रतिस्पर्धा स्थलमा सम्पूर्ण अतिरिक्त क्रियाकलापहरू संचालन गर्नका लागि आवश्यक पूर्वाधारहरू, सामग्री र उपकरणहरू उपलब्ध हुनेछन् ।

पालिका स्तरमा आयोजना गरिने अतिरिक्त शैक्षिक क्रियाकलापहरूको सहज तथा प्रभावकारी रूपमा संचालन गर्नका लागि पालिकाको शिक्षा संयोजक वा पालिकाले तोके बमोजिमको कर्मचारी, सहभागी विद्यालयहरूका प्रधानाध्यापक वा शिक्षकहरू, विद्यालय व्यवस्थापन समिति अध्यक्ष, शिक्षक अभिभावक संघका अध्यक्ष, गुड नेवर्स इन्टरनेशनलको साझेदार संस्थाको प्रतिनिधि र बालक्लबका पदाधिकारीहरू मध्येबाट सदस्य रहने गरी एक अतिरिक्त क्रियाकलाप संचालक समिति गठन गरिनेछ । आवश्यकता अनुसार अन्य उपसमितिहरू गठन गर्न सकिनेछ ।

यी क्रियाकलापहरू संचालनार्थ गुड नेवर्स इन्टरनेशनल नेपालले नगरपालिका /गाउँपालिकाको समन्वय तथा सहकार्यमा प्रतियोगिताको प्रयोजनार्थ साझेदार संस्था मार्फत आवश्यक सामग्रीहरू, प्रमाणपत्र र पुरस्कारहरू उपलब्ध गराउनेछ र यी सामग्रीहरूको उचित तथा विवेकपूर्ण प्रयोगको अपेक्षा गुड नेवर्स इन्टरनेशनल नेपालले गर्दछ । यसरी पालिका स्तरीय अतिरिक्त क्रियाकलापहरूको अलावा सामाजिक विसङ्गितलाई न्यूनीकरण गर्नका लागि पालिका तहमा बाल कचहरीको समेत आयो जना गरिनेछ । बाल कचहरीको निर्देशिका यसै पुस्तकको परिशिष्टमा दिइएको छ ।

# ५. क्रियाकलापहरूको परिचय तथा संचालन प्रक्रिया

बालबालिकाहरूमा अन्तर्निहित प्रतिभाको विकाससँगसँगै मनोरञ्जनका निमित्त तपशिलका क्रियाकलापहरू विद्यालय, पालिका, प्रदेश र राष्ट्रियस्तरमा संचालन गरिनेछन् र प्रत्येक क्रियाकलापहरूको संचालन प्रक्रिया संक्षिप्त रूपमा तल प्रस्तुत गरिएको छ ।

## 5.1 English Spelling Contest

The most beneficial learning result of spelling contest is gaining competency over vocabulary, which allows young students to improve their reading, writing and speaking abilities. It can instill the importance of correct spelling and help them to build their vocabulary along with stoking their interest in learning English.





| | |
|---|---|
| Objective: | To accelerate use of correct spelling and building of English language vocabulary among basic level school students |
| Themes: | Words drawn fromm English subjects for competeting grades |
| Competing Grades: | 1-5 & 6-8 |
| Gender Specific: | No |
| Competition Level: | School and Rural Municipality/Municipality |

The school shall conduct an inter-house spelling contests among students of grade 1-5 and 6-8. Each competing shave have three students. Members of the team that secure first, second, and third positions shall receive prizes and the top winning team of grade 6-8 category will participate in the Rural Municipality Level English Spelling Bee competition. Among them, teams that grab the first, second and third positions will receive prizes. This competition will not be conducated at the national level.

## ५.२ चित्रकला प्रतियोगिता

सिर्जनात्मक अथवा प्रतिकात्मक रूपमा कल्पना, परिकल्पना, भावना, सोच, विचार, सन्देश, आस्था, आवश्यकताहरू अभिव्यक्त र सञ्चार गर्न चित्रकला एक उत्तम माध्यम हो । यसलाई परिवर्तनको सशक्त माध्यमको रूपमा पनि उपयोग गर्न सकिन्छ । बालबालिकाहरू स्वभावैले सिर्जनशील प्रकृतिका हुन्छन् । चित्रकला उनीहरूको लागि आफूलाई अभिव्यक्त गर्ने र आफूले कल्पना गरेको कुरालाई व्यक्त गर्ने एक सर्वोत्तम तरिका हो ।



| | |
|---|---|
| उद्देश्य : | बालबालिकाहरूको कल्पना, परिकल्पना, भावना, सोच, विचार, सन्देश, आस्था, आवश्यकताहरू सिर्जनात्मक तथा प्रतिकात्मक रूपमा अभिव्यक्त र सञ्चार गर्न अवसर प्रदान गर्नु । |
| विषयवस्तु : | कक्षा समूह १-५ का प्रतियोगीहरूका लागि: आफूलाई मन परेको कुनै पनि चित्र ।<br>कक्षा समूह ६-८ का प्रतियोगीहरूका लागि: बालश्रमको विद्यमान अवस्था तथा बालबालिकामा यसले पारेको असर झल्किने चित्र ।<br>कक्षा समूह ९-१२ का प्रतियोगीहरूका लागि:महिनावारी स्वच्छता तथा सरसफाई व्यवस्थापनसँग सम्बन्धित चित्र । |

| | |
|---|---|
| चित्र बनाउने आवश्यक सामग्री: | कार्डबोर्ड पेपर : ल्याण्डस्केप<br>साइज: चार्ट पेपरलाई चार भागमा काटेर उक्त काटेको टुक्रा (१४ इन्च x ११ इन्च) लाई ल्याण्डस्केप (तेर्सो) पारेर चित्र बनाउने ।<br>कार्डबोर्ड पेपरको रंग: सेतो<br>अन्य आवश्यक सामग्री: Colour, colour pencil, water colour, cryon etc |
| कक्षा समूह : | १-५, ६-८ र ९-१२ |
| लैङ्गिक सीमितता : | छैन |
| प्रतियोगिता प्रतिस्पर्धास्तर : | विद्यालय, पालिका तथा राष्ट्रिय |

प्रत्येक विद्यालयले तहगत रूपमा माथि उल्लेख भए अनुसारको शिर्षकमा चित्रकला प्रतियोगिता संचालन गर्नुपर्ने छ । प्रत्येक प्रतियोगी कक्षा समूहबाट प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने विद्यार्थीलाई पुरस्कार प्रदान गरिनेछ । ६-८ तथा ९-१२ कक्षा समूहबाट उत्कृष्ट एक जना सहभागीलाई पालिकास्तरको प्रतिस्पर्धामा सहभागी गराइनेछ ।पालिका स्तरीय प्रतियोगितामा सहभागी कक्षा समूहका प्रथम, द्वितीय र तृतीय एक/एक चित्रलाई पुरस्कार तथा प्रमाण पत्र प्रदान गरिनेछ । पालिकास्तरको प्रतिस्पर्धाबाट बिजेता कक्षा समूहको प्रतिनिधित्व हुने गरी उत्कृष्ट एउटा चित्रलाई राष्ट्रियस्तरको प्रतिस्पर्धामा समावेश गरिनेछ । राष्ट्रियस्तरमा सहभागी हुने सम्पूर्ण चित्रकलाहरू मध्ये सिर्जनशिलता, कलात्मकता, र अभिव्यक्त सन्देशमा आधारित रहेर एउटा स्वतन्त्र निर्णायक मण्डलले सहभागी कक्षा समूहबाट उत्कृष्ट तीन-तीनवटा चित्रहरू छनौट गर्नेछ र उक्त चित्रहरूलाई नोभेम्वर तेस्रो सातामा हुने राष्ट्रिय कार्यक्रममा प्रदर्शन गरिनेछन् । छनौट गरिएका सर्जकहरूलाई राष्ट्रिय कार्यक्रमका बीच पुरस्कार र प्रमाणप्रत्रको घोषणा गरिनेछ ।

## ५.३ दौड प्रतियोगिता :

बालबालिकाहरूको सर्वाङ्गिण विकासका लागि शारिरीक तथा मानसिक तन्दुरुस्ती आवश्यक पर्दछ । स्वस्थ दिमागका लागि स्वस्थ शरीर हुनु अति आवश्यक छ । दैनिक व्यायामले बालबालिकाहरूलाई स्वस्थ तथा तन्दुरुस्त रहन सहयोग गर्दछ । दौडले मनोरञ्जन, स्फुर्तिका साथै सकारात्मक सोचको विकास गर्न मद्दत गर्दछ ।



| | |
|---|---|
| उद्देश्य : | बालबालिकाहरूलाई शारिरीक स्फुर्ति, शक्ति र तन्दुरुस्तीप्रति उत्प्रेरित गर्नु । |
| विषयवस्तु : | खेलकुद |
| कक्षा समूह : | ६-८ र ९-१२ |
| लैङ्गिक सीमितता : | छ (छात्र र छात्राको छुट्टाछुट्टै प्रतियोगिता) |
| प्रतियोगिता प्रतिस्पर्धास्तर : | विद्यालय र पालिका |

कक्षा समूह अनुसार छात्र र छात्राहरूको छुट्टाछुट्टै १०० मिटर, ४०० मिटर र १५०० मिटर दौड प्रतियोगिता संचालन गरिनेछ । कक्षा समूह ६-८ का छात्र तथा छात्राहरूको लागि १०० मिटर र ४०० मिटर तथा कक्षा समूह ९-१२ का छात्र तथा छात्राहरूको लागि १०० मिटर, ४०० मिटर र १५०० मिटर) को दौड प्रतियोगिता संचालन हुनेछन् । प्रत्येक कक्षा समूह अर्न्तगत छात्र र छात्रा उपसमूहबाट प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने बालबालिकाहरूलाई विद्यालयले पुरस्कार प्रदान गर्ने छ । विद्यालयस्तरीय दौड प्रतियोगिता संचालनको लागि बालक्लबहरूलाई प्रोत्साहन गरिनेछ ।

प्रत्येक तहबाट प्रथम हुने छात्र र छात्रा पालिका स्तरीय दौड प्रतियोगिताको लागि स्वतः छनोट हुनेछन् र उक्त प्रतियोगितामा सहभागी कक्षा समूहबाट प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गर्ने सहभागीहरूलाई गुड नेवर्स इन्टरनेशनल नेपालले जिल्ला स्थित स्थानीय साझेदार संस्था मार्फत पुरस्कार र प्रमाणपत्र प्रदान गर्नेछ । यो क्रियाकलाप राष्ट्रियस्तरमा आयोजना गरिने छैन ।

## ५.४ वक्तृत्वकला प्रतियोगिता



प्रभावकारी कथ्य अभिव्यक्तिलाई २१ औं शताब्दीको एउटा महत्वपूर्ण खुबी मानिएको छ । तर, बालबालिकाहरू मात्र हैन, बहुसंख्यक वस्यकहरू पनि जनमानसको अगाडि वा सार्वजनिक रूपमा बोल्न वा आफ्ना कुराहरू राख्न डराउँछन् । भेलाहरूमा बोल्ने अवसर पाउनाले बालबालिकाहरूमा वाक्कलाको विकास हुनुका साथै आफ्ना विचार/भनाईहरू स्पष्ट, मान्य र सिलसिलाबद्ध तवरले राख्ने क्षमताको विकास हुन जान्छ । तुलनात्मक रूपमा, नेपालमा खासगरी छोरी वा छात्राहरू आफ्ना कुराहरू घर वा सार्वजनिक समारोहहरूमा राख्न हिच्किचाउने तथ्यलाई मध्यनजर गर्दै, यो अतिरिक्त क्रियाकलाप छात्राहरूलाई लक्षित गरी संचालन गरिनेछ ।

| | |
|---|---|
| उद्देश्य : | बालिका वा छात्राहरूमा वाक्कलाको विकास गराउनु र उनीहरूका समस्याहरू राख्ने मञ्च उपलब्ध गराउनु । |
| विषयवस्तु : | महिनावारी |
| कक्षा समूह : | ६ -१२ |
| लैङ्गिक सीमितता : | छ (छात्रा मात्र) |
| प्रतियोगिता प्रतिस्पर्धास्तर : | विद्यालय, पालिका र राष्ट्रिय |

माथि उल्लेखित विषयवस्तुमा आधारित रहेर प्रतियोगिता सञ्चालन हुनु पूर्व सहभागी विद्यार्थीहरूलाई शिर्षक दिईनेछ । त्यही शिर्षकमा रहेर प्रतियोगीहरूले आफ्नो प्रस्तुति दिनेछन् । विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगितामा कक्षा ६ देखि १२ मा अध्ययनरत् छात्राहरू सहभागी हुनेछन् । प्रत्येक प्रतियोगीले आफ्ना विचारहरू राख्न ५ मिनेट समय पाउनेछन् र उनीहरूको मूल्याङ्कन तोकिएको ढाँचा र फारमका आधारमा हुनेछ । प्रथम, द्बितीय र तृतीय स्थान प्राप्त गर्न सफल प्रतियोगीलाई विद्यालयले पुरस्कार प्रदान गर्नेछ ।

प्रथम हुने छात्रा पालिका स्तरीय वक्तृत्वकला प्रतियोगिताको लागि स्वत: छनोट हुनेछिन् । उक्त प्रतियोगितामा प्रथम, द्बितीय र तृतीय स्थान प्राप्त गर्ने हरेक कक्षा समूह बिजेताहरूलाई गुड नेवर्स इन्टरनेशनल नेपालका जिल्ला स्थित साझेदार संस्थाहरू मार्फत पुरस्कार र प्रमाणपत्र प्रदान गरिनेछ ।

पालिकास्तरीय प्रतियोगितामा प्रत्येक प्रतियोगी छात्राले ५ मिनेट बोल्नेछन् र निर्णायक मण्डल कम्तिमा ३ र बढीमा ५ जनासम्मको हुनेछ । जसमा पालिकाले तोके बमोजिमको कर्मचारी, सहभागी विद्यालयहरूका प्रधानाध्यापक वा स्वास्थ्य तथा शारिरीक शिक्षा, नेपाली भाषा विषयका शिक्षक, स्वास्थ्य चौकी इन्चार्ज र अन्य प्रवुद्ध व्यक्ति हुनेछन् । एकरुपता कायम गर्न तोकिएको ढाँचा र फारमका आधारमा मूल्याङ्कन हुनेछ ।

सबै प्रतियोगीहरूको छुट्टाछुट्टै भिडियो लिइनेछ र प्रथम स्थान प्राप्त गर्ने सहभागीहरूका भिडियोहरूलाई राष्ट्रियस्तरमा प्रतिस्पर्धा गराइनेछ ।

सम्बोधन र विषय प्रवेश, पुष्टि र उदाहरण, भाषा र प्रस्तुति तथा विषयको गहनतामा आधारित रहेर एउटा स्वतन्त्र निर्णायक मण्डलले संकलित प्रतिस्पर्धी भिडियोहरूबाट उत्कृष्ट तीनवटा भिडियोहरू छनौट गर्नेछ र विजेताहरूलाई नोभेम्वर तेस्रो सातामा हुने राष्ट्रिय कार्यक्रममा आफ्ना विचारहरू राख्ने अवसरका साथै पुरस्कार र प्रमाणपत्र प्रदान गरिनेछ ।

## ५.५ निबन्ध लेखन प्रतियोगिता



लेखेर गरिने सञ्चार आजको ज्ञान अर्थतन्त्रमा एकदम महत्वपूर्ण सीप हो । कुनै विषयको ज्ञान भएर मात्र हुँदैन, यसलाई सरल, सुस्पष्ट, बोधगम्य, र युक्तीसङ्गत तवरले प्रस्तुत गर्न सक्नुपर्दछ । निबन्ध लेखनले विद्यार्थीहरूलाई भविष्यमा वहन गर्नुपर्ने शैक्षिक र कार्यगत जिम्मेवारीहरूको लागि तयार पनि गर्दछ ।


| | |
|---|---|
| उद्देश्य : | बालबालिकाहरूलाई विभिन्न विषय शिर्षकहरूमा सरल, सुस्पष्ट, बोधगम्य, र युक्तीसङ्गत लेखन शैली विकास गर्न उत्प्रेरित गर्नु । |
| विषयवस्तु : | बाल अधिकार, बाल विवाह, बालक्लब |
| कक्षा समूह : | ६-८ र ९-१२ |

| | |
|---|---|
| लैङ्गिक सीमितता : | छैन |
| प्रतियोगिता प्रतिस्पर्धास्तर : | विद्यालय, पालिका  र राष्ट्रिय |

बाल अधिकार, बाल विवाह, बालक्लब आदि विषयवस्तुमा आधारित रहेर सहभागीहरूलाई प्रतियोगिता सञ्चालन हुनु पूर्व एउटा शिर्षक दिईनेछ । त्यही शीर्षकमा रहेर प्रतिस्पर्धी विद्यार्थीहरूले आफ्नो प्रस्तुति दिनेछन् । विद्यालयस्तरीय निबन्ध लेखन प्रतियोगितामा कक्षा ६-८ र ९-१२ मा अध्ययनरत छात्रछात्राहरू सहभागी हुनेछन् र आफ्ना विचारहरू कक्षा समूह ६ देखि ८ का प्रतियागीहरूले १०००-१५०० र कक्षा समूह ९ देखि १२ का प्रतियागीहरूले १५००-२००० शब्दहरूमा अभिव्यक्त गर्नेछन् । उनीहरूलाई क्रमश: ९० र १२० मिनेट समय उपलब्ध गराइनेछ र निबन्धहरूको मूल्याङ्कन तोकिएको ढाँचा र फारमका आधारमा हुनेछ । प्रथम, द्वितीय र तृतीय स्थान ओगट्न सफल प्रतियोगीलाई विद्यालयले पुरस्कार र प्रमाणपत्र प्रदान गर्नेछ ।  पालिकास्तरीय निबन्ध लेखन प्रतियोगितामा विभिन्न विद्यालयस्तरीय प्रतियोगितामा प्रथम स्थान ओगट्न सफल प्रतियोगी सहभागी हुनेछन् र उनीहरूले आफ्ना विचारहरू  १५००-२००० शब्दहरूमा अभिव्यक्त गर्नेछन् । उनीहरूलाई क्रमश: ९० र १२० मिनेट समय उपलब्ध गराइनेछ । एकरुपता कायम गर्न निबन्धहरूको मूल्याङ्कन तोकिएको ढाँचा र फारमका आधारमा हुनेछ । निर्णायक मण्डल कम्तिमा ३ र बढीमा ५ जनासम्मको हुनेछ । जसमा पालिकाले तोकेको कर्मचारी, सामाजिक शिक्षा र नेपाली भाषाका शिक्षक, बालबालिकाको क्षेत्रमा क्रियाशील व्यक्तित्व वा मानवअधिकारकर्मी र अन्य प्रबुद्ध व्यक्ति हुनेछन् । पालिकास्तरीय प्रतियोगितामा सहभागी कक्षा समूहका प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गर्ने सहभागीहरूलाई पुरस्कार र प्रमाणपत्र प्रदान गरिनेछ ।

पालिकारस्तरीय प्रतियोगितामा प्रथम हुने प्रतियोगीहरूका निबन्धहरू राष्ट्रिय स्तरको प्रतिस्पर्धाको लागि संकलन गरिनेछ । विषय प्रस्तुति, विषयको संगठन र विश्लेषण, भाषा, ढाँचा तथा निष्कर्श/निचोडमा आधारित रहेर एउटा स्वतन्त्र र निष्पक्ष निर्णायक मण्डलले संकलित प्रतिस्पर्धी निबन्धहरूबाट उत्कृष्ट तीनवटा निबन्धहरू छनौट गर्नेछ र विजेताहरूलाई नोभेम्वर तेस्रो सातामा हुने राष्ट्रिय कार्यक्रममा पुरस्कार र प्रमाणपत्र घोषणा गरिनेछ ।

## ५.६ कम्प्युटर सीप परीक्षण प्रतियोगिता




एक्काइसौं शताब्दी विज्ञान र प्रविधिको युग हो र नेपाल सरकारले पनि शिक्षामा सूचना, संचार तथा प्रविधिलाई प्राथमिकतामा राखी कक्षा ६ देखि ८ सम्मको पाठ्यक्रममा कम्प्युटर विज्ञान विषय समावेश गरेको छ । कम्प्युटर विज्ञान शिक्षामा सैद्धान्तिक भन्दा पनि व्यावहारिक सीप तथा सिकाइको बढी महत्व रहन्छ ।

| | |
|---|---|
| उद्देश्य : | कम्प्युटरको सैद्धान्तिक र व्यावहारिक सीप सिकाइ प्रोत्साहन र कम्प्युटर सीपको मापन गर्नु । |
| विषयवस्तु : | कक्षा ६- ८ को पाठ्यक्रममा आधारित |
| कक्षा समूह : | ६-८ |
| लैङ्गिक सीमितता : | छैन |
| प्रतियोगिता प्रतिस्पर्धास्तर : | विद्यालय र पालिका |

विद्यालयस्तरमा कक्षा ६-८ का सम्पूर्ण विद्यार्थीहरू बीच खुल्ला कम्प्युटर प्रयोगात्मक सीप परीक्षण र मापन गरिनेछ । यो प्रतियोगिता ३० मिनेटको रहनेछ ।

प्रथम, द्वितीय र तृतीय स्थान ओगट्न सफल प्रतियोगीलाई सम्बन्धित विद्यालयले पुरस्कार प्रदान गर्नेछ ।प्रथम हुने प्रतियोगी पालिकास्तरीय कम्प्युटर सीप परीक्षण प्रतियोगिताको लागि स्वत: छनोट हुनेछन् ।

पालिकास्तरीय प्रतियोगिता पनि ३० मिनेटको हुनेछ । यस प्रतियोगिताको लागि प्रश्नपत्र गुड नेवर्स इन्टरनेशनल नेपालको साझेदार संस्थाले उपलब्ध गराउनेछ । यस प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गर्ने सहभागीहरूलाई गुड नेवर्स इन्टरनेशनल नेपालको जिल्ला स्थित साझेदार संस्था मार्फत पुरस्कार र प्रमाणपत्र प्रदान गरिनेछ । निर्णायक मण्डल कम्तिमा ३ र बढीमा ५ जनासम्मको हुनेछ । निर्णायक मण्डलमा आयोजक विद्यालय तथा अन्य सहभागी विद्यालयहरूका कम्प्यूटर शिक्षक, पालिकाका सूचना प्रविधि अधिकृत हुनेछन् । यो प्रतियोगिता राष्ट्रियस्तरमा आयोजना गरिने छैन ।

## ५.७ हाजिरीजवाफ प्रतियोगिता





अध्ययनहरूले देखाएका छन् की हाजिरीजवाफले सक्रिय सिकाइलाई बढावा दिन्छ, सिकेका कुराहरू स्मृतीमा रहीरहन सहयोग गर्दछ र बालबालिकाहरूलाई नयाँ कुराहरू जान्न प्रेरित गर्दछ ।

| | |
|---|---|
| उद्देश्य : | बालबालिकाहरूलाई पाठ्यपुस्तकका अतिरिक्त अन्य बाह्य ज्ञानगुनका कुराहरू सिक्न अभिप्रेरित गर्नु । |
| विषयवस्तु : | सामान्य ज्ञान (विज्ञान, स्वास्थ्य, प्रविधि, खेलकुद, इतिहास, भुगोल, साहित्य, बाल अधिकार तथा बाल संरक्षण) |
| कक्षा समूह : | ६-१० |
| लैङ्गिक सीमितता : | छैन |
| प्रतियोगिता प्रतिस्पर्धास्तर : | विद्यालय र पालिका |

विद्यालयस्तरमा बहुचरणत्मक (सामान्य चरण र Rapid Fire Round) अन्तर सदनात्मक हाजिरीजवाफ प्रतियोगिता गरिनेछ र प्रत्येक प्रतियोगी समूह जम्मा तीनजनाको समूह (छात्र, छात्रा र छात्र/छात्रा) हुनेछ । विद्यालयस्तरीय हाजिरीजवाफको लागि सम्बन्धित विद्यालयका विषयगत शिक्षकहरूले माथि उल्लेखित विषयवस्तुमा रहेर प्रश्नहरू सङ्कलन तथा तयार गर्नेछन् । प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गर्न सफल प्रतियोगी समूहहरूलाई सम्बन्धित विद्यालयले पुरस्कार प्रदान गर्नेछ । प्रथम हुने समूह पालिकास्तरीय बहुचरणात्मक अन्तर विद्यालय हाजिरीजवाफ प्रतियोगिताको लागि स्वत: छनोट हुनेछ । पालिकास्तरीय हाजिरी जवाफ प्रतियोगिताको लागि प्रश्नहरूको सेट गुड नेवर्स इन्टरनेशनल

नेपालको स्थानीय साझेदार संस्थाले उपलब्ध गराउनेछ । यस प्रतियोगितामा प्रथम, द्वितीय र तृतिय स्थान प्राप्त गर्ने सहभागी समूहहरूलाई गुड नेवर्स इन्टरनेशनल नेपालको जिल्ला स्थित साझेदार संस्था मार्फत पुरस्कार र प्रमाणपत्र प्रदान गरिनेछ । यो प्रतियोगितालाई राष्ट्रियस्तरको कार्यक्रममा समावेश गरिएको छैन् ।

## ५.८ कविता लेखन तथा वाचन प्रतियोगिता

कविता पठन, लेखन, वाचन र स्मरणले बालबालिकामा सकारात्मक सोच, मनोरञ्जन, र भावनात्मक गहिराईको विकास हुनुको साथै भावनात्मक निकास पनि मिल्दछ । कविता लेखन तथा वाचन बालबालिकाहरूको लागि एउटा उत्तम सिर्जनात्मक र कलात्मक अभिव्यक्तिको माध्यम पनि हो ।

| | |
|---|---|
| उद्देश्य : | बालबालिकाहरूमा रहेको साहित्यिक प्रतिभाको उजागर गरी साहित्य सृजनामा अभिरुचि जगाउनु । |
| विषयवस्तु : | छोराछोरी, शिक्षा, अवसर, विभेद |
| कक्षा समूह : | ६-१० |
| लैङ्गिक सीमितता : | छैन |
| प्रतियोगिता प्रतिस्पर्धास्तर : | विद्यालय, पालिका र राष्ट्रिय |

छिोराछोरी, शिक्षा, अवसर, विभेद जस्ता विषयवस्तुमा आधारित रहेर प्रतियो गिताको दिन प्रतियागिता सञ्चालन हुनु पूर्व सहभागीहरूलाई शिर्षक दिईनेछ । त्यही शीर्षकमा रहेर प्रतिस्पर्धी विद्यार्थीहरूले आफ्नो प्रस्तुति दिनेछन् । विद्यालय स्तरीय कविता लेखन प्रतियोगितामा ६ देखि १० कक्षाका विद्यार्थीहरू सहभागी हुन सक्नेछन् । प्रत्येक प्रतियोगीले विद्यालयमा शिक्षक शिक्षिकाको उपस्थितिमा गद्य वा पद्य कविता लेख्नेछन् । उनीहरूलाई ६० मिनेटको समय उपलब्ध गराइनेछ । सबै कविताहरू प्रतियोगीहरूद्वारा विद्यार्थीहरू माझ वाचन गर्ने व्यवस्था विद्यालयले मिलाउनेछ ।

प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गर्न सफल प्रतियोगीलाई विद्यालयले पुरस्कार प्रदान गर्नेछ । प्रथम स्थान प्राप्त गर्ने विद्यार्थी पालिका स्तरीय कवितालेखन प्रतियोगिताको लागि स्वत: छनोट हुनेछन् ।

पालिकास्तरीय प्रतियोगितामा प्रत्येक प्रतियोगीले तोकिएको शीर्षकमा रहेर कविता रचना तथा वाचन गर्नेछन् । एकरुपता कायम गर्न तोकिएको ढाँचा र फारमका आधारमा, मूल्याङ्कन कम्तिमा ३ र बढीमा ५ जनासम्मको नेपाली भाषा विषयका शिक्षक/शिक्षिका, बाल वा मानव अधिकारकर्मी र अन्य प्रवुद्ध व्यक्तिहरू भएको निर्णायक मण्डलले गर्नेछ । यस प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गर्ने सहभागीहरूलाई गुड नेवर्स इन्टरनेशनल नेपालले आफ्ना स्थानीय साझेदार संस्था मार्फत पुरस्कार र प्रमाणपत्र प्रदान गर्ने व्यवस्था मिलाउने छ ।

पालिकास्तरमा प्रथम स्थान प्राप्त गर्ने कविताहरू राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्नेछन् । प्रस्तुतीकरण, भाषाशैली र शब्दचयन, वाचनशैली, मौलिकता र कविताको तत्व र ढाँचा व्यवस्थापनमा आधारित रहेर एउटा स्वतन्त्र निर्णायक मण्डलले उत्कृष्ट तीन कविताहरू छनौट गर्नेछ र विजेताहरूलाई नोभेम्वर तेस्रो सातामा हुने राष्ट्रिय कार्यक्रममा आफ्ना कविताहरू वाचन गर्ने अवसरका साथै पुरस्कार र प्रमाणपत्र प्रदान गरिनेछ ।

## ५.९ बाल अधिकार र संरक्षणबारे 'बालकचहरी' (अन्तर्क्रिया)

बालकचहरी कार्यक्रमले समाजमा विद्यमान बाल अधिकार र संरक्षण सम्बन्धी विभिन्न सवालहरूलाई मध्यनजर गरी समुदाय, स्थानीय तह, जिल्ला तथा राष्ट्रियस्तरमा बालबालिकाहरूको सवाल तथा मुद्दाहरूका बारे अन्तर्क्रिया गर्न टेवा पुर्‍याउनेछ ।

| | |
|---|---|
| उद्देश्य : | समुदाय, स्थानीय तह, जिल्ला र राष्ट्रियस्तरमा बाल अधिकार, बालबालिकाहरूका सवाल तथा मुद्दा, भोगाइ, अनुभव, विचारहरू छलफल गराई राष्ट्रियस्तरमा हुने कार्यक्रममा उक्त वहसका विषयवस्तु जोड्नु । |
| विषयवस्तु : | बालविवाहको वर्तमान अवस्था तथा यसको अन्त्यको लागि घर परिवार, बाल क्लब, समुदाय, विद्यालय तथा स्थानीय निकायले चालेको प्रयास तथा आगामी कार्य योजना |

| | |
|---|---|
| सहभागी : | बालबालिका, शिक्षक, अभिभावक, स्थानिय निकायका जनप्रतिनिधिहरू, संचार माध्यम, सुरक्षा निकाय, बाल अधिकारकर्मी लगायत सरोकारवालाहरू |
| प्रतियोगिता प्रतिस्पर्धास्तर : | पालिका, प्रदेश र राष्ट्रिय |

पालिकास्तरमा बाल विवाहको वर्तमान अवस्था सम्बन्धी मुद्दा तथा सवालहरूलाई उजागर गर्न बालकचहरी कार्यक्रमले प्रोत्साहित गर्नेछ । यस कार्यक्रममा पालिकाहरू अन्तर्गत रहेका अन्तर विद्यालय अतिरिक्त क्रियाकलापहरूमा सहभागी सम्पूर्ण विद्यालयका बालक्लब, बालबालिकाहरू, शिक्षकहरू, अभिभावकहरू तथा अन्य बालबालिकाहरूको सहभागिता रहनेछ । साथै कार्यक्रममा बाल अधिकार र बाल संरक्षण तथा उनीहरूका सवाल र मुद्दाहरूलाई सम्बोधन गर्न पालिकाहरूमा रहेका बाल अधिकारकर्मी, स्थानीय निकायका जनप्रतिनिधि, संचार माध्यम तथा अन्य सरोकारवालाहरूको उपस्थितमा रहनेछ ।

पालिकास्तरमा उठेका बाल विवाह सम्बन्धी मुद्दा तथा सवालहरूलाई जिल्लामा रहेको साझेदार संस्था र बालक्लब मार्फत संकलन गरी प्रदेशस्तरमा पनि छलफल गरिनेछ । प्रदेशस्तरबाट आएका मुद्दा, सवाल र सुझावहरूलाई साझेदार संस्थामार्फत संकलन गरी राष्ट्रिय स्तरको कार्यक्रममा वहस गरिनेछ । दुवै कार्यक्रममा बाल अधिकर्मी, स्थानीय निकायका जनप्रतिनिधि, संचार माध्यम तथा अन्य सरोकारवालाहरूको उपस्थिति रहनेछ ।

## ५.१० नाटक मञ्चन



बालबालिकाहरूले भोग्नु परिरहेका समस्या र तिनीहरूको समाधानहरूमा केन्द्रित रही बालक्लबहरूले बढीमा ३० मिनेट अवधिको नाटकको परिकल्पना/लेखन, कलाकार छनोट र अभ्यास गरी आफ्नो विद्यालयमा उपयुक्त अवसरमा मञ्चन गर्नेछन् ।

पालिका स्तरीय कार्यक्रममा नाटक मञ्चन गर्न चाहने बालक्लबले (नाट्य टोली) गुड नेवर्स इन्टरनेशनल नेपालको साझेदार संस्थाका कर्मचारीलाई जानकारी

गराउनु पर्नेछ । प्रत्येक पालिकास्तरमा नाटक प्रदर्शनका लागि एउटा बालक्लबको छनौट गरिनेछ र प्रदर्शनका लागि चाहिने आवश्यक सामग्रीहरू गुड नेवर्स इन्टरनेशनल नेपालको साझेदार संस्थाले प्रदान गर्नेछ । नाटक अप्रतियोगी हुनेछ ।

## ५.११ हाई जम्प



बालबालिकाहरूको सर्वाङ्गिण विकासका लागि शारिरीक तथा मानसिक तन्दुरुस्ती आवश्यक पर्दछ । स्वस्थ दिमागका लागि स्वस्थ शरीर हुनु अति आवश्यक छ । दैनिक व्यायामले बालबालिकाहरूलाई स्वस्थ तथा तन्दुरुस्त रहन सहयोग गर्दछ ।

| | |
|---|---|
| उद्देश्य : | बालबालिकाहरूलाई शारिरीक स्फुर्ति, शक्ति र तन्दुरुस्तीप्रति उत्प्रेरित गर्नु । |
| विषयवस्तु : | खेलकुद |
| कक्षा समूह : | १-५, ६-८ र ९-१२ |
| लैङ्गिक सीमितता : | छ (छात्र र छात्राको छुट्टाछुट्टै प्रतियोगिता) |
| प्रतियोगिता प्रतिस्पर्धास्तर : | विद्यालय |

कक्षा समूह अनुसार छात्र र छात्राहरूको छुट्टाछुट्टै प्रतियोगिता संचालन हुनेछन् । प्रत्येक कक्षा समूह अन्तर्गत छात्र र छात्रा उपसमूहबाट प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने बालबालिकाहरूलाई विद्यालयले पुरस्कार प्रदान गर्नेछ । विद्यालयस्तरीय हाई जम्प प्रतियोगिता संचालनको लागि बालक्लबहरूलाई प्रोत्साहन गरिनेछ ।

## ५.१२ लङ्ग जम्प




बालबालिकाहरूको सर्वाङ्गिण विकासका लागि शारिरीक तथा मानसिक तन्दुरुस्ती आवश्यक पर्दछ । स्वस्थ दिमागका लागि स्वस्थ शरीर हुनु अति आवश्यक छ । दैनिक व्यायामले बालबालिकाहरूलाई स्वस्थ तथा तन्दुरुस्त रहन सहयोग गर्दछ ।

| | |
|---|---|
| उद्देश्य : | बालबालिकाहरूलाई शारिरीक स्फुर्ति, शक्ति र तन्दुरुस्तीप्रति उत्प्रेरित गर्नु । |
| विषयवस्तु : | खेलकुद |
| कक्षा समूह : | ६-८ र ९-१२ |
| लैङ्गिक सीमितता : | छ (छात्र र छात्राको छुट्टाछुट्टै प्रतियोगिता) |
| प्रतियोगिता प्रतिस्पर्धास्तर : | विद्यालय |

कक्षा समूह अनुसार छात्र र छात्राहरूको छुट्टाछुट्टै प्रतियोगिता संचालन हुनेछन् । प्रत्येक कक्षा समूह अर्न्तगत छात्र र छात्रा उपसमूहबाट प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने बालबालिकाहरूलाई विद्यालयले पुरस्कार प्रदान गर्नेछ ।विद्यालयस्तरीय लङ्ग जम्प प्रतियोगिता संचालनको लागि बालक्लबहरूलाई प्रोत्साहन गरिनेछ ।

## ५.१३ विज्ञान प्रदर्शनी




आजको युग, बैज्ञानिक यूग हो । विज्ञानले मानव समाजलाई नयाँ-नयाँ ज्ञानको खोजी र प्रविधिको विकास गर्न निर्णायक भूमिका खेल्दछ । यसले संसार कसरी विकसित भयो, कसरी विकसित हुँदैछ भन्ने कुराको जिज्ञासा उत्पन्न गराई त्यसको उत्तर पहिल्याउने तर्फ केन्द्रित गराउँछ ।

| | |
|---|---|
| उद्देश्य : | बालबालिकाहरूलाई विज्ञान तथा प्रविधिको क्षेत्रमा भएका आविष्कारहरूतर्फ आर्कषित गराई उनीहरूलाई थप मौलिक आविष्कारहरू पत्ता लगाउन अभिप्ररित गर्ने तथा उनीहरूका आविष्कारहरूलाई आम मानिसहरू समक्ष पुऱ्याउन अवसर प्रदान गर्ने । |
| विषयवस्तु : | विज्ञानसँग सम्बन्धित कुनै पनि आविष्कार, प्रविधि, बैज्ञानिक खोज तथा अनुसन्धान । |
| कक्षा समूह : | ६-१२ |
| लैङ्गिक सीमितता : | छैन |
| प्रतियोगिता प्रतिस्पर्धास्तर : | विद्यालय, पालिका तथा राष्ट्रिय |

विज्ञान प्रदर्शनीको लागि एक्लै तथा समूहगत जुनसुकै किसिमले पनि सहभागी हुन सकिनेछ । विद्यालयस्तरको प्रदर्शनीबाट उत्कृष्ट एक जना विद्यार्थी वा समूहलाई आफ्नो बैज्ञानिक प्रविधि, उत्पादन तथा आविष्कार सहित पालिकास्तरको विज्ञान प्रदर्शनीमा सहभागी गराईनेछ । विद्यालयस्तरको प्रदर्शनीमा उत्कृष्ट भएको बैज्ञानिक प्रविधि, उत्पादन तथा आविष्कारलाई सम्बन्धित विद्यालयले पुरस्कार प्रदान गर्नेछ ।

पालिकास्तरीय विज्ञान प्रदर्शनीमा प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गर्न सफल विद्यार्थीहरूलाई पुरस्कार तथा प्रमाण पत्र प्रदान गरिनेछ । यस प्रतियोगिताबाट उत्कृष्ट ठहरिएको एक बैज्ञानिक प्रविधि, उत्पादन र आविष्कार राष्ट्रियस्तर को प्रतिस्पर्धाको लागि स्वतः छनौट हुनेछ, जसलाई नोभेम्वर तेस्रो सातामा हुने राष्ट्रिय कार्यक्रममा प्रदर्शन गरिनेछ । प्रदर्शनीमा राखिएका बैज्ञानिक उत्पादन तथा सामग्रीहरूको छनौटको लागि एक जना विज्ञान विषयका शिक्षक सहित अन्य ४ जना प्रवुद्ध व्यक्तिहरू सम्मिलत एउटा स्वतन्त्र निर्णायक मण्डलले गर्नेछ ।

उत्कृष्ट बैज्ञानिक प्रविधि, उत्पादन तथा आविष्कारका विद्यार्थीहरूलाई राष्ट्रिय कार्यक्रमका बीच पुरस्कार र प्रमाणपत्र प्रदान गरिनेछ ।

# ६. क्रियाकलाप संचालनमा बालक्लव, विद्यालय, क्रियाकलाप संचालन समिति आदिको भूमिका

### बालक्लब

- अतिरिक्त क्रियाकलाप संचालनको लागि बैठक संचालन तथा विद्यालयसँग समन्वय गर्ने र मिटिङ माइन्यूट तयार पार्ने ।
- विद्यालयको सल्लाह तथा मार्गदर्शनमा अतिरिक्त क्रियाकलाप संचालनमा नेतृत्व गर्ने ।
- कार्यक्रम संचालनका लागि चाहिने आवश्यक सामग्रीहरूको सूची तयार पारी विद्यालयलाई पेश गर्ने ।
- प्रत्येक क्रियाकलापको कार्ययोजना र विस्तृत विवरण तयार पार्ने ।
- अर्थपूर्ण सहभागिताका लागि सबै विद्यार्थीहरूलाई उत्प्रेरित गर्ने ।

### विद्यालय

- विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र विद्यार्थीहरूलाई परियोजनाको लक्ष्य र उद्देश्यको जानकारी गराउने ।
- अतिरिक्त शैक्षिक क्रियाकलाप संचालन गर्दा सुरक्षित वातावरण बनाउन सहयोग गर्ने ।
- बालक्लबलाई विद्यालयस्तरीय अतिरिक्त क्रियाकलाप संचालनमा सहयोग गर्ने र आवश्यक सल्लाह, सुझाव र निर्देशन दिने ।
- प्रतियोगी विद्यार्थीहरूलाई अतिरिक्त शैक्षिक क्रियाकलापमा सहभागिताको लागि मार्गदर्शन तथा प्रोत्साहन गर्ने ।
- अभिभावकहरूको उच्चतम तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।
- अतिरिक्त शैक्षिक क्रियाकलाप संचालनका लागि गुड नेवर्स इन्टरनेशनल नेपाल र साझेदार संस्थासँग समन्वय गर्ने ।
- प्रत्येक अतिरिक्त शैक्षिक क्रियाकलापको विस्तृत अभिलेख राख्ने र उपलब्ध गराइएको प्रतिवेदन फारममा गुड नेवर्स इन्टरनेशनल नेपालको जिल्लास्थित साझेदार संस्थालाई उपलब्ध गराउने ।

- अन्तर विद्यालय अतिरिक्त शैक्षिक क्रियाकलाप प्रतियोगितामा भाग लिने विद्यार्थीहरूको उचित हेरचाह सहित आवश्यक मार्गनिर्देशन गर्ने ।
- विद्यालयस्तरीय प्रतियोगितामा भाग लिँदा घाइते वा बिरामी परेमा विद्यार्थीलाई प्राथमिक उपचार र अन्य उपचारको व्यवस्था गर्ने ।
- उत्कृष्ठ विद्यार्थी वा विद्यार्थी समूहलाई पुरस्कृत गर्ने ।

### क्रियाकलाप संचालन समिति

- प्रभावकारी संचार तथा समन्वय आवश्यकता अनुसार कायम राख्ने ।
- प्रभावकारी र उद्देश्यमूलक तवरले अतिरिक्त शैक्षिक क्रियाकलाप संचालन गरी प्रत्येक प्रतियोगीहरूलाई अर्थपूर्ण रूपले सहभागी गराउने ।
- अतिरिक्त शैक्षिक क्रियाकलाप संचालनको लागि सुरक्षित र उत्साहप्रद वातावरण कायम गर्ने ।
- आवश्यकता बमोजिम खाजा र खानाको व्यवस्थापन गर्ने ।
- अतिरिक्त शैक्षिक क्रियाकलाप संचालनमा विद्यार्थी सुरक्षा तथा सावधानीको व्यवस्था गर्ने ।
- स्थानीय सरकार, गैर सरकारी संस्था, अन्य सरोकारवालाहरू तथा अभिभावकहरूको उच्चतम तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।
- प्रत्येक अतिरिक्त शैक्षिक क्रियाकलापको विस्तृत अभिलेख राख्ने र उपलब्ध गराएको प्रतिवेदन फारममा गुड नेवर्स इन्टरनेशनल नेपालको साझेदार संस्थालाई उपलब्ध गराउने ।

## ७. सुरक्षा, प्राथमिक उपचार तथा भैपरि आउने घटना व्यवस्थापन

विद्यालयमा वा पालिकास्तरमा आयोजित क्रियाकलाप, कार्यक्रम तथा खेलहरूका दौरान सहभागी विद्यार्थीहरू घाईते हुने, बिरामी पर्ने वा कुनै अप्रिय दुर्घटनाको शिकार हुन सक्दछन् । तसर्थ यस्ता प्रतिकूल परिस्थितिहरूबाट बच्नका लागि विद्यार्थी, शिक्षक, तथा अन्य सबै सचेत रहनु पर्दछ र सहभागी बालबालिकालाई सुरक्षित वातावरण प्रदान गर्नुपर्दछ । यदि कुनै विद्यार्थी आकस्मिक चोट वा

दुर्घटनामा परेमा सम्बन्धित विद्यालय वा अभिभावकले घटनाको पूर्ण जिम्मेवारी लिनुपर्ने हुन्छ ।

त्यसरी दुर्घटनामा परेका बालक वा बालिकालाई तत्काल प्राथमिक उपचार उपलब्ध नभएमा अपाङ्ग/अङ्गभङ्ग हुने र गम्भीर परिस्थितिमादज्यान पनि जान सक्ने हुँदा गुड नेवर्स इन्टरनेशनल नेपालले २०१८ मा उपलब्ध गराएको प्राथमिक उपचार बाकसको समुचित प्रयोग गर्नुपर्ने हुन्छ । प्राथमिक उपचार बाकसमा अत्यावश्यक औषधी तथा सामाग्रीहरू अपुग रहेको अवस्थामा स्थानीय स्वास्थ्य संस्थासँग समन्वय गरी त्यस्ता औषधी तथा सामग्रीहरूको उचित व्यवस्थापन गर्नुपर्ने हुन्छ । शरीरिक पीडा कम गर्न, स्वास्थ्य अवस्थालाई बिग्रन नदिन, र अन्य जोखिमहरूबाट बचाउन विद्यालय वा पालिकास्तरीय कार्यक्रम आयोजना स्थलमा उपलब्ध प्राथमिक उपचार बाकस र साधनस्रोत प्रयोग गरी यथाशिघ्र प्राथमिक उपचार गर्नु पर्दछ ।

## ८. मूल्याङ्कन, प्रतिवेदन तयारी तथा प्रेषण (Reporting)

तोकिएको ढाँचामा हरेक खेलकुद प्रतियोगिताको विद्यालयले रेकर्ड वा अभिलेख राख्नेछ र गुड नेवर्स इन्टरनेशनल नेपालका साझेदार संस्थाका कर्मचारीले मासिक वा समय समयमा सो अभिलेखहरू सङ्कलन गर्नेछन् ।

Good Neighbors
International

Ekantakuna - 13, Lalitpur, Nepal
Phone: 977-1-5538758, 5520493
Fax: 977-1-5524478, GPO Box: 8975
EPC 1605, Kathmandu, Nepal
Website: gninepal.org




## Good Change for the World

